पाणिनी गाउँपालिका, अर्घाखाँचीद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्ड ५) अर्घाखाँची, माघ १२ गते, २०७८ (संख्या १२

भाग-१

पाणिनी गाउँपालिका, अर्घाखाँची

## पाणिनी गाउँपालिकाको शिक्षा ऐन,२०७८

गाउँ सभाबाट स्वीकृत मितिः २०७८।१०।०९

**प्रस्तावनाः**

नेपालको संविधानमा आधारभूत र माध्यमिक तहको शिक्षाको सम्पूर्ण जिम्मेवारी स्थानीय सरकारलाई हस्तान्तरण गरेकोले पाणिनी गाउँपालिका क्षेत्रभित्र स्थापना भई सञ्चालनमा रहेका र हुने विद्यालय लगायत अन्य शैक्षिक संस्थाहरूको व्यवस्थापनमा सुधार गरी सबै बालबालिकाको विद्यालयको शिक्षा पाउने मौलिक हकको सम्मान गर्दै गाउँपालिका क्षेत्रभित्रका सबै बालबालिकाहरूको लागि क्रमशः अनिवार्य, निशुल्क, गुणस्तरीय र सान्दर्भिक विद्यालय शिक्षाको व्यवस्थामार्फत सक्षम नागरिकको माध्यमबाट राष्ट्र निर्माणको आधार तयार पार्न वाञ्छनिय भएकोले, नेपालको संविधान

को धारा २२६ बमोजिम यस पाणिनी गाउँपालिकाको प्रथम गाउँसभाको १२ औं अधिवेशनले यो ऐनको तर्जुमा गरी लागू गरेको छ।

**परिच्छेद- १**

**प्रारम्भिक १. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम " पाणिनी गाउँपालिका शिक्षा ऐन, २०७८" रहेको छ।

(२) यो ऐन पाणिनी गाउँपालिका क्षेत्र भर लागू हुनेछ।

(३) यो ऐन गाउँसभाले स्वीकृत गरेको दिन बाट प्रारम्भ हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) 'आधारभूत शिक्षा' भन्नाले प्रारम्भिक बालशिक्षा देखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ।

(ख) 'माध्यमिक शिक्षा' भन्नाले कक्षा नौ देखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनु पदर्छ ।

(ग) 'गाउँपालिका' भन्नाले पाणिनी गाउँपालिका सम्झनु पर्दछ।

(घ) 'विशेष शिक्षा' भन्नाले दृष्टि विहिन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्तश्रवण वा अशक्त शारीरिक अपाङ्गता भएका बाल बालिकालाई छुट्टै समूहमा राखी दिइने शिक्षा सम्झनु पदर्छ।

(ङ) 'विद्यालय शिक्षा' भन्नाले आधारभूत र माध्यमिक दुवै शिक्षा सम्झनु पर्छ।

(च) 'प्राविधिक तथा व्यवसायिक शिक्षा' भन्नाले प्राविधिक ज्ञान सीप तथा विषयवस्तुको सिकाई गरी प्रविधि र व्यवसायको शिक्षा प्रदान गर्न कक्षा नौ देखि कक्षा बाह्रसम्म अध्यापन गराइने शिक्षालाई सम्झनु पर्छ।

(छ) 'सामुदायिक विद्यालय' भन्नाले समुदायको पहलमा स्थापना गरीएको गैर नाफामूलक नेपाल सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृत प्राप्त विद्यालय सम्झनु पर्छ। यो शब्दले धार्मिक विद्यालय (गुम्वा, गुरुकूल र मन्दिर) समेतलाई जनाउने छ।

(ज) 'संस्थागत विद्यालय' भन्नाले निजी पहलमा स्थापना गरीएका नेपाल सरकारबाट नियमित रूपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ।

(झ) 'सहकारी विद्यालय' भन्नाले सहकारी संस्थाको पहलमा कानून बमोजिम सञ्चालन अनुमति प्राप्त विद्यालय सम्झनु पर्छ।

(ञ) 'कर्मचारी' भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनु पर्छ।

(ट) 'तोकिएको' वा 'तोकिए बमोजिम' भन्नाले यस ऐन अन्तर्गत बनेका नियम वा विनियममा मा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ठ) 'अनुमति' भन्नाले नेपाल सरकार वा गाउँपालिकाले स्थायी स्वीकृति प्रदान गरी नसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ।

(ड) 'निशुल्क शिक्षा' भन्नाले तोकिएको शिर्षकहरूमा कुनै शुल्क लिन नपाउने गरी व्यवस्थापन गरीएको शिक्षा सम्झनु पर्छ। यो व्यवस्थाले नेपालको संविधानको धारा ३९ को उपधारा २ बमोजिम बालबालिकाको शिक्षाको लागि परिवारको दायित्व तोक्ने गरी गाउँपालिकाले कानून बनाउन बन्देज लगाएको मानिने छैन।

(ढ) 'आवासीय विद्यालय' भन्नाले नेपाल सरकार वा गाउँपालिकाबाट आवासीय विद्यालयको रूपमा स्वीकृति प्रदान गरीएको विद्यालयलाई जनाउँछ।

(ण) 'शैक्षिक गुठी' भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ।

(त) 'स्थायी आवासीय अनुमती' भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा सो मुलुकमा स्थायी रुपमा बसोबास गर्न पाउने गरी नेपाली नागरीकलाई उपलब्ध गराएको डाइर्भसिटी इमिग्रेशन भिसा (डि.भी.), परमानेन्ट रेजिडेन्ट भिसा (पी.आर.) वा ग्रीन कार्ड सम्झनु पर्छ र सो शब्दले नेपाली नागरीकलाई विदेशमा स्थायी रुपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमति समेतलाई जनाउँ छ।

(थ) 'प्रारम्भिक बाललिक्षा' भन्नाले तीन बर्ष देखि पाँच वर्ष सम्मका बालबालिकाहरूलाई दिइने शिक्षा सम्झनु पर्छ।

(द) 'शिक्षक छनौट समिती' भन्नाले स्वीकृत दरबन्दी, राहत अनुदान कोटा, संघिय सरकार बाट प्राप्त हुने अनुदान कोटा, अग्रेजि माध्यम संचालनका लागि गाउँपालिकाबाट विद्यालयमा उपलव्ध गराएका कोटामा रिक्त भएको पदमा अस्थायी वा करारमा शिक्षक नियुक्तिको सिफारिस गर्न गठन हुने शिक्षक छनौट समितिलाई सम्झनु पर्छ।

(ध) 'समावेशी शिक्षा' भन्नाले दृष्टिविहिन, न्युन दृष्टियुक्त, बहिरा, सुस्त श्रवण, अटिज्म, बौद्धिक, शारिरीक वा अन्य अपाङ्गता भएका बालबालिकालाई नियमित शैक्षिक पद्दतिको अधिनमा रही दिइने शिक्षा सम्झनु पर्छ।

## परिच्छेद- २

## विद्यालयको स्थापना, कक्षा थप, पुर्वाधार , समायोजन र बन्द तथा सिकाइ केन्द्र सम्बन्धी व्यस्वस्था

**३. विद्यालय खोल्न वा कक्षा थप गर्न अनुमति लिनु पर्नेः**

(१) कुनै नेपाली नागरीकले विद्यालय खोल्न वा कुनै विद्यालयको कक्षा थप गर्न चाहेमा तोकिएको पूर्वाधार पूरा गरी, विद्यालय खोल्न चाहेको सेवा क्षेत्र बाट नजिक रहेका ३ वटा विद्यलालयको सिफारीस, वडा समितिको सिफारिस सहित शैक्षिक सत्र सुरू हुनु भन्दा चार महिना अगावै गाउँ कार्यपालिकाको कार्यालयमा निवेदन दिनु पर्ने छ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर गाउँ कार्यपालिकाको कार्यालयले आवश्यक जाचँबुझ गरी संघीय, प्रादेशिक कानून र गाउँपालिकाले तोकेको शर्त बन्देज पालना गर्ने गरी गाउँ कार्यपालिकाको निर्णयानुसार प्रमुख प्रशासकीय अधिकृतले अनुमति दिन सक्नेछ।

(३) यो दफा प्रारम्भ हुदाँका बखत कम्पनीको रुपमा सञ्चालित कुनै विद्यालय कम्पनी खारेज गरी संघीय र प्रादेशिक कानूनमा भएको व्यवस्था अनुसार शैक्षिक गुठी वा सहकारीमा रुपान्तरित हुन सक्ने छ।

(४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका विद्यालयलाई शैक्षिक गुठीको रूपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृतिको लागि सिफारिस दिइने छैन।

(क) सरकारी वा सार्वजनिक भवन वा सार्वजनिक जग्गामा भवन बनाई सञ्चालन भएका विद्यालय,

(ख) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दानदातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय।

(५) संघीय तथा प्रादेशिक कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा बाहेक यस ऐन वा अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहाय बमोजिम गर्नुपर्ने छ:

(क) शैक्षिक गुठी सञ्चालन गर्दा सार्वजनिक गुठी भए कम्तीमा पाँचजना र निजी गुठी भए कम्तीमा तीनजना सदस्य भएको संगठित सस्था हुनु पर्ने,

(ख) शैक्षिक गुठीको आय व्ययको स्रेस्ता तोकिए बमोजिम तयार गरी मान्यताप्राप्त लेखा परीक्षकबाट लेखापरीक्षण गराउनु पर्ने,

(ग) शैक्षिक गुठीको तत्काल कायम रहेका पदाधिकारीले आफ्नो जीवनकालमै वा शेषपछि गुठीयारको रूपमा काम गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्ने छ। तर

सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा संघीय र प्रादेशिक कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक गाउँपालिकाको स्वीकृति लिनु पर्नेछ।

(६) संघीय कानून अनुसार कुनै विदेशी शिक्षण संस्थासंग सम्बन्धन गर्ने गरी नेपाल सरकारले विद्यालय खोल्न अनुमति वा स्वीकृति दिई सञ्चालन भएको विद्यालयको सञ्चालन संघीय कानून अनुसार हुने छ तर ती विद्यालयहरूको अनुगमन, निरीक्षण र आधारभूत तहको परीक्षार्थीको मूल्याङ्कन गाउँपालिकाबाट हुनेछ।

(७) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा सञ्चालन अनुमति र नियमन तोकिए बमोजिम हुने छ।

(८) विद्यालयको सञ्चालन तोकिए बमोजिम हुनेछ।

**४. विद्यालय खोल्नका लागि पुर्वाधार तयार गर्नु पर्नेः**

(१) सामुदायिक तथा संस्थागत विद्यालयहरूले पूरा गर्नु पर्ने पूर्वाधारहरू तोकिए बमोजिम हुने छ। प्रचलित कानून अनुसार तोकिएको पूर्वाधार तयार नगरर्ने विद्यालयको संचालन अनुमती रद्ध हुनेछ।

(२) यो ऐन जारी हुदाँ सञ्चालनमा रहेका संस्थागत विद्यालयहरूको पूर्वाधार तोकिएको अवधिभित्र पूरा गर्ने दायित्व सम्बन्धित विद्यालयको हुनेछ । तोकिएको अवधिमा पनि पूर्वाधार पूरा नगर्ने विद्यालयको सञ्चालन अनुमती रद्द हुने छ।

(३) सामुदायिक विद्यालयहरूको पूर्वाधार विकासमा सहयोग गर्ने दायित्व संघ, प्रदेश र गाउँपालिकाको हुने छ।

**५. गाउँपालिकाले विद्यालय सार्न, गाभ्न, नाम परिर्वतन गर्न वा बन्द गर्न सक्ने छः**

(१) सामान्यतया देहायको अवस्थामा विद्यालयहरू समायोजन हुन सक्नेछन् :

(क) दुई वा सो भन्दा बढी विद्यालयहरू बीचको पैदल दूरी सहज आवागमन सहित बढिमा ३० मिनेट वा दुई किलोमिटरसम्म रहेको,

(ख) दुई वा सो भन्दा बढी विद्यालयका विद्यालय व्यवस्थापन समिति आपसमा गाभेर सञ्चालन गर्ने निर्णयकासाथ वडा समितिको सिफारीस सहित गाउँपालिकामा निवेदन दिएमा,

(ग) कुनै विद्यालयमा तोकिएको सङ्ख्या भन्दा कम विद्यार्थी भई तिनीहरूको शिक्षाको लागि गाउँपालिकाले अन्यत्र नजिकको विद्यालयमा सबै विद्याथीहरूलाई अध्ययनको व्यवस्था मिलाएमा।

(घ) कुनै विद्यालयमा संघीय कानूनले तोकेको कक्षागत विद्यार्थी सङ्ख्याको तोकिएको अनुपात भन्दा कम विद्यार्थी भएमा तह घटाउन वा कक्षा वन्द गर्न सक्नेछ।

(ङ) गाउँपालिकाले तोकिए बमोजिमका शर्त पूरा नगर्ने कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा विद्यालयको नाम परिर्वतन गर्न अनुमति वा स्वीकृति दिन सक्नेछ।

(च) शिक्षा नियमावलिको अनुसूची २ ठ बमोजिमको विद्यार्थि सङ्ख्या नभएमा।

(२) दफा ५ बमोजिम विद्यालय गाभिएमा गाभिने विद्यालयमा रहेको चल अचल सम्पत्ति, फर्निचर, पाठ्यपुस्तक, पाठ्यसामाग्री लगायतका अन्य शैक्षिक सामाग्रि गाभिएको विद्यालयको नाममा नामसारी गरि वा जिन्सि दाखिला गरि आम्दानि बाँधि अभिलेख राख्नु पर्नेछ।

(३) कुनै विद्यालयको सम्बन्धमा दफा ५ को उपदफा २ को अवस्था विद्यमान रहेको भएतापनि विद्यालय गाभ्ने आधार औचित्यपुर्ण नदेखिएमा शाखाको सिफारिसमा कार्यपालिकाले त्यस्तो विद्यालयको माथिल्लो तह वा कक्षा घटाउन सक्नेछ।

**६. सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेः**

१. गाउँपालिकाले समुदायमा साक्षरता, सीप विकास र निरन्तर सिकाइ तथा सचेतनामूलक कार्यहरू समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्रको स्थापना र सञ्चालन गर्न सक्नेछ।

२. सिकाइ केन्द्रका लागि तोकिएको मापदण्डमा आधारित भएर अनुदानको ब्यवस्था गर्नेछ।

**७. प्रारम्भिक बाल विकास केन्द्र सम्बन्धी व्यवस्था :**

(१) कुनै नेपाली नागरीकले प्रारम्भिक वाल विकास केन्द्र खोल्न चाहेमा तोकिएको पूर्वाधार पूरा गरी, विद्यालय खोल्न चाहेको सेवा क्षेत्र बाट नजिक रहेका ३ वटा विद्यलालयको सिफारीस, वडा समितिको सिफारिस सहित शैक्षिक सत्र सुरू हुनु भन्दा तिन महिना अगावै गाउँ कार्यपालिकाको कार्यालयमा निवेदन दिनुपर्ने छ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर गाउँ कार्यपालिकाको कार्यालयले आवश्यक जाचँबुझ गरी संघीय, प्रादेशिक कानून र गाउँपालिकाले तोकेको शर्त बन्देज पालना गर्ने गरी गाउँ कार्यपालिकाको निर्णयानुसार प्रमुख प्रशासकीय अधिकृतले अनुमति दिनेछ।

(३) तीन वर्ष उमेर नपुगेका बालबालिका प्रारम्भिक बालविकास केन्द्रमा भर्ना गर्न तथा पाँच वर्ष पूरा भएका बालवालिकालाई यस्ता केन्द्रमा राख्न पाइने छैन।

(४) सामुदायिक बालविकास केन्द्रको व्यवस्थापन सुदृढ गर्नको लागि नजिकको विद्यालयलाई समेत जिम्मेवार बनाई तोकिए बमोजिम सञ्चालन गर्न सकिने छ।

**८. गाउँपालिकाले आफ्ना नागरिकहरूको शिक्षा सम्बन्धी विविध आवश्यकता पूरा गर्न आवश्यक पूर्वाधारको व्यवस्था गरी विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर तथा खुला शिक्षा र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको व्यवस्था गर्न सक्नेछ।**

**परिच्छेद- ३**

**पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षाको माध्यम र परीक्षा सम्बन्धी व्यवस्थाः**

**९. पाठ्यक्रम र पाठ्यपुस्तक सम्बन्धी व्यवस्थाः**

(१) विद्यालयले संघीय र प्रादेशिक कानूनमा तोकिए बमोजिमको पाठयक्रम र पाठयपुस्तक अध्यापन गराउनु पर्ने छ।

(२) स्थानीय पाठयक्रम र पाठयपुस्तक विकास र व्यवस्थापन तथा पाठयपुस्तकको उपलब्धता सम्बन्धमा अनुगमन लगायतका कामको लागि गाउँकार्यपालिकाले आवश्यक समिति वा कार्यदल गठन गर्न सक्नेछ ।

**१०. थप पाठ्यपुस्तक तथा पाठ्यसामाग्री अध्यापन गर्न स्वीकृति लिनुपर्ने :**

(१) कुनै विद्यालयले थप पाठ्यसामाग्री वा पाठ्यपुस्तक प्रयोग गर्न चाहेमा पाठ्यक्रम विकास केन्द्रमा सुचीकृत थप पाठ्यसामाग्री वा पाठ्यपुस्तक प्रयोगको लागि गाउँकार्यपालिकाको कार्यालयबाट स्वीकृति लिनु पर्ने छ ।

(२) विद्यालयले अध्यापन गराउने ऐच्छिक विषयको स्वीकृति गाउँ कार्यपालिकाको कार्यालयबाट लिनु पर्ने छ ।

**११. शिक्षाको माध्यम** : (१) विद्यालयमा शिक्षाको माध्यम नेपाली, अंग्रेजी वा दुवै भाषा हुन सक्नेछ । तर देहायको अवस्थामा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछ:

(क) आधारभूत शिक्षा (कक्षा १-५) मातृभाषामा दिन सकिनेछ ।

(ख) भाषा विषय अध्यापन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ,

(ग) शिक्षणको माध्यम सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने छ

**१२. परीक्षा सञ्चालन र समन्वय** :

(१) माध्यमिक तह (कक्षा १० - १२) को परीक्षा सञ्चालन गर्न सम्बन्धित निकायबाट भएको व्यवस्था बमोजिम समितिले सहजिकरण र समन्वय गर्नेछ ।

(२) आधारभूत शिक्षा उत्तिर्ण तथा विभिन्न कक्षाको सिकाइ उपिब्धि परीक्षा संचालन र व्यवस्थापन गर्न गाउँ कार्यपालिकाले परीक्षा संचालन तथा व्यवस्थापन समिति गाउँपालिकास्तरमा गठन गर्न सक्नेछ।

**परिच्छेद- ४**

**कार्यपालिका, गाउँ शिक्षा समिति, प्रमुख प्रशासकीय अधिकृत, शिक्षा अधिकृत र वडा समितिको काम कर्तव्य र अधिकार**

**१३ कार्यपालिका** : १) शिक्षा सम्बन्धी नीति, योजना र कार्यक्रमको तर्जुमा गर्ने,

(२) नीति तथा ऐन कार्यान्वयनको लागि नियमावली, निर्देशिका र कार्यविधि जारी गर्ने,

(३) शिक्षा सम्बन्धी वार्षिक, अल्पकालिन र दीर्घकालीन योजना स्वीकृत गर्ने ।

(४) कार्यपालिकाको अन्य काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुने छ ।

**१४ गाउँ शिक्षा समितिः**

(१) यस गाउँपालिकाको गाउँ शिक्षा समिती संघिय शिक्षा ऐनले गरेको व्यवस्था बमोजिम हुनेछ।

(२) गाउँ शिक्षा समितिको काम, कर्तव्य र अधिकार संघिय शिक्षा ऐनको अन्यन्त्र देहाय बमोजिम हुनेछ:

(क) शिक्षा सम्बन्धी गाउँपालिका स्तरीय योजना तर्जुमा गर्ने,

(ख) सामुदायिक विद्यालयलाई दिइने आर्थिक अनुदानको निर्धारण गरी कार्यपालिकामा सिफारिस गर्ने,

(ग) सामुदायिक विद्यालयहरूको लेखा परीक्षणका लागि लेखा परिक्षकको सूचीकृत गर्ने र पारिश्रमिक निर्धारण गर्ने,

(घ) संघीय सरकार र प्रादेशिक सरकारबाट प्राप्त शिक्षक तथा कर्मचारी दरबन्दी वितरण र मिलान गर्ने विवरण तयार गरी कार्यपालिकामा सिफारिस गर्ने,

(ङ) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने,

(च) गाउँ शिक्षा समितिको अन्य काम कर्तव्य अधिकार र वैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुने छ।

**१५. प्रमुख प्रशासकीय अधिकृतः**

(१) शिक्षा सम्बन्धी नीति, कानून र योजनाको मस्यौदा प्रस्ताव गरी कार्यपालिका र गाउँ सभामा पेश गर्ने।

(२) प्रमुख प्रशासकीय अधिकृतको अन्य काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुने छ।

**१६. शिक्षा अधिकृत**:

(१) गाउँपालिकामा एक शिक्षा अधिकृत रहनेछ। यो ऐनको अन्यत्र लेखिए बाहेक निजको अन्य काम, कर्तव्य र अधिकारहरू देहाय बमोजिम हुने छ:

(क) प्रारम्भिक बालविकास शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा. अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक, निरन्तर सिकाइ, सामुदायिक सिकाइ केन्द्र, धार्मिक विद्यालय, विशेष शिक्षा र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सम्बन्धी नीति, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन तथा नियमन प्रक्रिया तयार पारी गाउँशिक्षा समितिमा पेश गर्ने।

(ख) गाउँशिक्षा समितिको निर्णयहरू कार्यान्वयन गर्ने।

(ग) आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन,

(२) शिक्षा अधिकृतको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

**१७. वडा शिक्षा समितिको गठन,काम,कर्तव्य र अधिकार**:

१) वडा स्तरमा देहाय बमोजिमको वडा शिक्षा समिति गठन गर्न सकिनेछ।

क) सम्बन्धित वडाको वडा अध्यक्ष -संयोजक

ख) वडा सदस्यहरु मध्येबाट वडा समितिले तोकेको एकजना महिला सदस्य

ग) सम्बन्धित वडाका सामुदायिक विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट वडा शिक्षा समितिले तोकेको एक जना -
सदस्य

घ) सम्बन्धित वडाका सामुदायिक विद्यालयका अध्यक्षहरु मध्येबाट वडा समितिले तोकेको एक जना
- सदस्य

ङ) वडा सचिव
- सदस्य- सचिव

२) वडा शिक्षा समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) विद्यालय उमेर समूहका बालवालिका विद्यालय बाहिर रहे नरहेको अभिलेख राखी विद्यालय पठाउन आवश्यक कार्य गर्ने,

(ख) वडा भित्रका विद्यालयहरूबीच समन्वय गर्ने,

(ग) विद्यालय व्यवस्थापन समितिलाई निर्देशन दिने।

(घ) वडा भित्रका विद्यालयमा नियमित रुपमा पठन पाठन भए नभएको, शिक्षक, कर्मचारी नियमित विद्यालयमा उपस्थित भई निर्धारीत समय सम्म विद्यालयको पठनपाठन सरिक भए नभएको अनुगमन तथा मूल्याकंन गर्ने।

(ङ) वडा समितिका अन्य कामहरू तोकिए बमोजिम हुने छ।

**१८. विद्यालय व्यस्थापन समिति :** विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा विद्यालय व्यवस्थापन समिति हुनेछ।

(१) सामुदायिक विद्यालय व्यस्थापन समिति **:**

(क) अभिभावकले आफूहरुमध्येबाट छानी पठाएका दुईजना महिलासहित चारजना - सदस्य

(ख) विद्यालय रहेको गाउँपालिकाको सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा समितिका सदस्यहरुमध्येबाट सो वडा समितिले मनोनयन गरेको एक जना
- सदस्य

(ग)
विद्यालयका संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर १० वर्ष देखि सहयोग गर्ने वा विद्यालयलाई १० लाख वा सो भन्दा वढि नगद वा जिन्सी सहयोग गरेका व्याक्तिहरुमध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनीत गरेको एकजना महिलासहित दुईजना - सदस्य

(घ) विद्यालयका शिक्षकले आफूहरुमध्येबाट छानी पठाएको एकजना
– सदस्य

(ङ) विद्यालयको प्रधानाध्यापक –
सदस्य–सचिव

(२) विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा तेत्तिस प्रतिशत सदस्यहरू अपाङ्गता भएका व्यक्तिको अभिभावकहरू रहनेछन र प्राविधिक तथा व्यावसायिक विषयमा अध्ययन वा तालिम गराइने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा गाउँपालिकास्तरका उद्योग तथा वाणिज्य महासंघका दुईजना प्रतिनिधि सदस्य रहनेछन्।

(३) विद्यालय व्यवस्थापन समितिका सदस्यहरुले दफा १८ को १ क, ख वा ग बमोजिमका सदस्यहरुमध्येबाट छानेको सदस्य सो समितिको अध्यक्ष हुनेछ। विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनौट नभएसम्मको लागि वा अध्यक्षको अनुपस्थितिमा सो समितिका जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(४) सम्बन्धित शिक्षा अधिकृत र प्राविधिक विद्यालय व्यवस्थापन समितिको बैठकमा आमन्त्रण गरिनेछ।

(५) व्यवस्थापन समितिका पदाधिकारीहरूको योग्यता र गठन सम्बन्धी अन्य व्यवस्था संघिय कानून बमोजिम हुनेछ।

(६) दफा १८ (१) (क) बमोजिमका सदस्यरहरु छनौट गर्न ३ पटक सम्म पनि अभिभावक भेला बाट सहमती नभएमा निर्वाचन प्रणाली अवलम्वन गर्न सकिनेछ। तर चुनाव गर्दा जम्मा अभिभाव मध्ये कम्तिमा दुई तिहाई अभिभावहरुले मतदान गर्नुपर्नेछ।

(७) शैक्षिक गुणस्तर वृद्दि गर्न आवश्यक व्यवस्था मिलाउनुका अतिरिक्त सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछाः–

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

(ग) विद्यालय सञ्चालन सम्बन्धमा हुने महत्वपूर्ण विषयमा सम्बन्धित वडा कार्यालय संग समन्वय गर्ने,

(घ) विद्यालयमा कायम रहेका दरबन्दीलाई तोकिए बमोजिम परिर्वतन गर्नुपर्ने भएमा औचित्यसहित गाउँशिक्षा समितिमा सिफारिस गर्ने,

(ङ) यस वाहेकको अन्य व्यवस्था संघिय कानून बमोजिम हुनेछ।

तोकिए बमोजिमको अन्य कार्यहरू गर्ने।

**२ संस्थागत विद्यालय व्यस्थापन समितिः** (१) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ।

(क) सम्बन्धित विद्यालयको सिफारिसमा गाउँ शिक्षा समितिले मनोनित गरेको व्यक्ति - अध्यक्ष

(ख) अभिभावकहरू मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको दुई जना – सदस्य

(ग) स्थानीय शिक्षाप्रेमी वा समाजसेवीहरू मध्येबाट गाउँशिक्षा समितिले मनोनित गरेको एकजना - सदस्य

(घ) सम्बन्धित गाउँपालिकाको शिक्षा अधिकृत वा प्राबिधिक सहायक – सदस्य

(ङ्) सम्बन्धित विद्यालयको शिक्षकहरूले आफूहरू मध्येबाट छानी पठाएको एकजना – सदस्य

(च) विद्यालयको प्रधानाध्यापक - सदस्य–सचिव

(२) उपदफा (१) को खण्ड (क) बमोजिमको व्यक्ति सिफारिस गर्दा सम्बन्धित विद्यालय कम्पनी अन्तरगत सञ्चालित भए कम्पनीको शेयर सदस्यमध्येबाट र सहकारी अन्तरगत सञ्चालित भए सम्बन्धित सहकारीको शेयर सदस्यमध्येबाट सिफारिस गर्नु पर्नेछ।

(३) शैक्षिक गुठी अन्तर्गत सञ्चालन भएका विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(४) सस्थागत तथा सहकारी विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ।

(क) विद्यालय सञ्चालनको लागि साधन र स्रोतको प्राप्ति र परिचालन गर्ने,

(ख) विद्यालयको लागि आवश्यक भौतिक पूर्वाधारको व्यवस्था गर्ने,

(ग) अध्यापन अनुमतिपत्र लिई प्रचलित कानून बमोजिम शिक्षक पदको लागि उम्मेदवार हुन योग्यता पूरा गरेका व्यक्तिलाई शिक्षक पदमा नियुक्ति गर्ने,

(घ) नेपाल सरकारले तोकेको न्यूनतम तलव स्केलमा नघटाई शिक्षक तथा कर्मचारीलाई तलव दिने,

(ङ) शैक्षिक सत्र शुरु हुनु भन्दा कम्तिमा २ महिना पहिल्यै आगामी शैक्षिक सत्रको लागि शुल्क प्रस्ताव गरी गाउँ कार्यपालिकाको कार्लयमा पेश गर्ने।

(५) दफा १८ (१) र १८ (२) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ। त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा त्यसरी छान्ने वा मनोनयन गर्ने अभिभावक, पदाधिकारी वा निकायले निजलाई जुनसुकै वखत पदबाट हटाउन सक्नेछ । तर त्यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन।

(६) विद्यालय व्यवस्थापन समितिको अन्य काम, कर्तव्य, अधिकार र बैठक सम्बन्धी कार्यविधि संघिय कानून तथा तोकीए बमोजिम हुनेछ।

**१९. विद्यालय व्यस्थापन समिति बिघटन गर्न सकिने :**

(१) कुनै विद्यालयको व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पूरा गर्न नसकेमा सोको कारण खुलाई जिल्ला शिक्षा समितिले त्यस्तो विद्यालय व्यवस्थापन सिमिति विघटन गर्न सक्नेछ। तर त्यसरी विघटन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म वा अन्य कुनै कारणले विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म विद्यालय व्यवस्थापन समितिको काम गर्न जिल्ला शिक्षा समितिले एक अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ।

**२०. विद्यालय सञ्चालन कार्यविधि :** (१) यो ऐन र प्रचलित कानूनको अधिनमा रही प्रत्येक सामुदायिक विद्यालयले विद्यालयको लक्ष्य, मूल्य मान्यता, सञ्चालन प्रक्रिया, शिक्षक, कर्मचारी, अभिभावक तथा अन्य सरोकारवालाहरूको आचारसंहिता, शिक्षक कर्मचारी, अभिभावक तथा अन्य सरोकारवालाको जिम्मेवारी, कर्तव्य र दायित्व तथा विद्यायल सञ्चालन विधि र प्रक्रियालगायतका अन्य सार्न्दभिक विषयवस्तु समावेश गराएको विद्यालय सञ्चालन कार्यविधि अभिभावक भेलाबाट पारित गराई गाउँ शिक्षा समितिमा स्वीकृत गराइ लागू गर्नु पर्नेछ।

(२) विद्यालय सञ्चालन कार्यविधि अनुसार विद्यालय सञ्चालन गर्नु व्यवस्थापन समिति, प्रधानाध्यापक लगायत अन्य सबैको कर्तव्य हुनेछ।

(३) विद्यालय सञ्चालन कार्यविधि सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने छ।

**परिच्छेद- ५**

**आर्थिक प्रबन्ध, सहायता र छुट**

**२१. गाउँ शिक्षा विकास कोष** (१) सामुदायिक विद्यालयको सञ्चालन र व्यवस्थापन तथा ऐनको अन्य व्यवस्था कार्यान्वयनका लागि गाउँ शिक्षा विकास कोष खडा गर्न सकिने छ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन्।

(क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,

(ग) गाउँपालिकाबाट प्राप्त अनुदान रकम,

(घ) संस्थागत विद्यालयको वार्षिक आम्दानी मध्ये तोकिए बमोजिमको रकम

(ङ) सहकारी विद्यालयबाट प्राप्त हुने सो विद्यालयको कुल नाफाको तोकिए बमोजिमको रकम

(च) दफा (२९) को उपदफा (४) बमोजिम संस्थागत विद्यालयबाट प्राप्त रकम

(छ) चन्दाबाट प्राप्त रकम,

(ज) शिक्षा कर

(झ) अन्य स्रोतबाट प्राप्त रकम

(३) कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ। तर उपदफा २ को खण्ड (घ), (ङ) र (च) बमोजिम प्राप्त रकम लक्षित विद्यार्थीको छात्रवृत्तिमा खर्च गर्न सकिने छ।

**२२. विद्यालय कोषः** (१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ, जसमा देहाय बमोजिमका स्रोतबाट प्राप्त रकम सो कोषमा दाखिला हुनेछ ।

(क) नेपाल सरकार, प्रादेशिक सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान,

(ख) गाउँ शिक्षा कोषबाट प्राप्त अनुदान,

(ग) गाउँपालिका बाट प्राप्त अनुदान,

(घ) सहयोग, चन्दा वा दान दातव्यबाट प्राप्त रकम, र

(ङ) शुल्कबाट आउने रकम,

(च) अन्य स्रोतबाट प्राप्त रकम।

(२) विद्यालयका सम्पूर्ण खर्च सोही कोषबाट हुने छ। उपदफा (१) बमोजिमको कोषको सञ्चालन तथा सामाजिक परीक्षण र बित्तिय लेखा परीक्षण संघिय कानून तथा तोकिए बमोजिम हुनेछ।

**२३. विद्यालय, प्रारम्भिक बाल विकास केन्द्रलाई अनुदानको व्यवस्थाः** (१) गाउँपालिकाले तोकिएको आधारमा सामुदायिक विद्यालय र प्रारम्भिक बालविकास केन्द्रलाई अनुदान दिनेछ तर कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिँइदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौती गर्न यस दफाले वाधा पुर्याएको मानिने छैन।

(२) अनुदान सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने छ।

**२४. विद्यालयलाई छुट र सुबिधा** : (१) सामुदायिक विद्यालय र शैक्षिक गुठी वा सहकारीको रूपमा सञ्चालित संस्थागत विद्यालयलाई संघीय र प्रादेशिक कानूनमा भएको व्यवस्था बमोजिम छुट र सुविधा हुने छ।

(२) सामुदायिक र शैक्षिक गुठी वा सहकारीको रूपमा सञ्चालित संस्थागत विद्यालयलाई गाउँपालिकाले आफुले लगाएको कर वा अन्य सेवा वा सुविधामा तोकिए बमोजिम विशेष छूट दिन सक्ने छ।

**परिच्छेद- ६**

**अनिवार्य तथा निशुल्क शिक्षा, विद्यार्थी सहायता तथा छात्रवृत्ति सम्बन्धी व्यवस्था**

**२५. अनिवार्य निशुल्क आधारभुत शिक्षा सम्बन्धी व्यवस्थाः** (१) सामुदायिक विद्यालयबाट लक्षित उमेर समूहका सबै बालबालिकाहरूलाई संघिय कानून तथा तोकिएबमोजिम निशुल्क शिक्षा उपलब्ध हुने छ।

**२६. निशुल्क माध्यमिक शिक्षा सम्बन्धी व्यवस्था :**

(१) माध्यमिक शिक्षा (९ -१०) निशुल्क हुनेः सामुदायिक विद्यालयबाट लक्षित उमेर समूहका सबै बालबालिकालाई गाउँपालिकाले तोकिए बमोजिम निशुल्क शिक्षा उपलब्ध गराउने छ।

(२) माध्यमिक शिक्षा (११-१२) को हकमा निशुल्क शिक्षाको व्यवस्थापन संघीय र प्रादेशिक कानून अनुसार गरिने छ।

**२७.** दफा २५(१) र दफा २६(१) बमोजिम प्रदान गरिएको शिक्षामा कुनै विद्यालयले शुल्क लिएमा त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गराई सम्बन्धित विद्यालय व्यवस्थापन समितिलालाई गाउँ शिक्षा समितीले आवश्यक सचेत गराउने तथा

प्रधानाध्यापकलाई विभागीय कारवाही गर्न सक्नेछ । तर कुनै अभिभावकले आफ्नो स्वइच्छाले दिएको दान, उपहार, चन्दा वा सहयोग सामुदायिक विद्यालयले लिन सक्नेछ ।

**२८. विद्यार्थी सहायता तथा छात्रवृतिको व्यवस्था गर्न सक्ने:** (१) गाउँपालिकाले सामुदायिक विद्यालयमा भर्ना हुने विद्यार्थीहरूलाई संघिय कानून तथा तोकीए बमोजिम आर्थिक सहायता र छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ ।

**२९. संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्ने :** (१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कूल विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम आर्थिक रुपमा विपन्न, अपाङ्गता भएकाहरू, महिला, दलित वा जनजाति तथा अल्पसङ्ख्यक र अन्य समुदायका विद्यार्थीहरुलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम छात्रवृत्तिको लागि विद्यार्थी छनौट गर्न प्रत्येक विद्यालयमा विद्यालयको प्रधानाध्यापकको संयोजकत्वमा, वडा शिक्षा समितिको प्रतिनिधि र विद्यालय व्यवस्थापन समितिमा रहेका अभिभावकको प्रतिनिधित्व रहेको एक छात्रवृत्ति छनौट समिति रहनेछ ।

(३) समितिले छनौटको लागि आधार, शर्त र प्रकृया तयार गरी सार्वजनिक गर्नु पर्नेछ । गाउँपालिकाले छनौटको आधारसहितको निर्देशन दिएमा सो आधारलाई मुख्य आधार मानी छात्रवृत्ति छनौट गर्नु पर्नेछ ।

(४) माथि जे सुकै कुरा उल्लेख गरिएको भए पनि गाउँपालिकाले थप कार्यविधि वनाई प्रत्येक विद्यालयका लागि छात्रवृत्तिको कोटा तोकी निर्दिष्ट प्रकृया मार्फत परीक्षाका माध्यमबाट छात्रवृत्तिमा अध्ययन गर्ने विद्यार्थी आफै छनौट र सिफारिस गर्न सक्नेछ ।

**परिच्छेद- ७**

**विद्यालय शिक्षण सेवाको गठन र सञ्चालन सम्बन्धी व्यवस्था**

**३०. विद्यालय शिक्षा सेवाको गठन** (१) संघीय कानूनमा व्यवस्था भए बमोजिम गाउँपालिकामा एक विद्यालय शिक्षा सेवाको गठन हुनेछ ।

(२) शिक्षकहरूको सेवाको शर्त (योग्यता, तह, श्रेणी विभाजन र अन्य सेवा सुविधा) संघीय र प्रादेशिक कानूनमा व्यवस्था भए बमोजिम हुने छ ।

(३) संघीय र प्रादेशिक कानूनको अधिनमा रही गाउँपालिकाले शिक्षक, कर्मचारीहरुको सेवा शर्त सम्बन्धी थप व्यवस्था गर्न सक्ने छ ।

(४) विद्यालयमा कायम रहने शिक्षककहरूको दरबन्दी र पद तोकिए बमोजिम हुनेछ, यो कानून प्रारम्भ हुनु अगावै विद्यालयगत रुपमा कायम गरीएका दरवन्दी यसै सरह भएको मानिने छ।

**३१. शिक्षक तथा कर्मचारीहरुको नियुक्तिः** (१) स्वीकृत दरबन्दीमा स्थायी शिक्षकहरूको संघीय कानून बमोजिम नियुक्ति शिक्षक सेवा आयोगको सिफारिसमा तोकिए बमोजिम हुने छ।

(२) विद्यालयमा रिक्त दरबन्दी, शिक्षण अनुदान कोटा राहत, शिक्षण अनुदान कोटा मा अस्थायी करारमा शिक्षक र कर्मचारीहरुको नियुक्तिको व्यवस्था गर्न गाउँ कार्यपालिकाले कार्यबिधि बनाई लागू गर्न सक्नेछ।

**३२. सरुवा सम्बन्धी व्यवस्थाः**

(१) गाउँपालिकाभित्रका सामुदायिक विद्यालयहरूमा आधारभूत तहको प्राथमिक शिक्षकहरूलाई समान तह र किसिमको दरबन्दीमा तथा आधारभूत तहका निम्नमाध्यमिक र माध्यमिक तहका शिक्षकहरूलाई सम्बन्धित विषय र तह तथा किसिमको दरबन्दीमा संघिय कानून तथा तोकिए बमोजिम सरुवा गरिने छ।

**३३. प्रधानाध्यापक, सहायक प्रधानाध्यापक, शिक्षक तथा कर्मचारी सम्बन्धी व्यवस्थाः**

गाउँपालिका अन्तर्गतका विद्यालयमा प्रधानाध्यापक छनोटका आधारहरु देहायका हुनेछन।

(१) विद्यालयमा प्रधानाध्यापकको पद रिक्त भएमा उक्त रिक्त पदमा विद्यालयमा कार्यरत स्थायी शिक्षक मध्येवाट नियुक्त भएको तह, श्रेणी, ग्रेड, नियुक्त भएको मिति, माथिल्लो शैक्षिक योग्यता, माथिल्लो शैक्षिक योग्यता अनुसारको प्राप्ताङ्कको आधार बाट वरिष्ठ शिक्षकलाई प्रधानाध्यापकको रुपमा नियुक्त गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम वरिष्ठतम शिक्षकले प्रधानाध्यापक हुन नचाहेमा रीक्त भएको मितिले ७ दिन भित्र विद्यालय व्यवस्थापन समिति समक्ष लिखित दिनुपर्नेछ। त्यसरी विद्यालय व्यवस्थापन समिति समक्ष परेको निवेदन उपर विद्यालय व्यवस्थापन समितिले क्रमश बरिष्ठतम शिक्षकलाई विद्यालयको प्रधानाध्यापको रुपमा नियुक्ती गर्नुपर्नेछ।

(३) विद्यालयमा माध्यमिक, निम्न माध्यमिक र प्राथमिक तहको स्थायी शिक्षक कार्यरत नभएमा राहत वा अस्थायी करार शिक्षकमध्येवाट शिक्षकको कार्यरत तह, नियुक्त भएको मिति, माथिल्लो शैक्षिक योग्यता, माथिल्लो शैक्षिक योग्यता अनुसारको प्राप्ताङ्कको आधारमा राहत वा अस्थायी शिक्षक मध्येबाट वरिष्ठ शिक्षकलाई प्रधानाध्यापकको रुपमा नियुक्त गर्नुपर्नेछ।

(४) प्रत्येक सामुदायिक विद्यालयमा एकजना प्रधानाध्यापक र संघीय र प्रादेशिक कानून एवं गाउँपालिकाले स्वीकृत गरे बमोजिमको सङ्ख्यामा शिक्षक र कर्मचारीको दरबन्दी व्यवस्था गर्नुपर्नेछ । माध्यमिक विद्यालयमा सहायक प्रधानाध्यापकको समेत व्यवस्था गर्न सकिनेछ।

(५) विद्यालयका प्रधानाध्यापक, सहायक प्रधानाध्यापक र कर्मचारीहरूको नियुक्ति र अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

(६) यो ऐन प्रारम्भ हुदा प्रधानाध्यापकको रुपमा रहनुभएका शिक्षकलाई यसै ऐन बमोजिम भएको मानिनेछ र रिक्त भएको वखत उल्लिखित प्रकृया अवलम्वन गर्नुपर्नेछ।

(७) गाउँपालिकाले अंग्रेजी माध्यममा कक्षा संचालन गर्नको लागि व्यवस्थापन गरेका पालिका अनुदानमा कार्यरत शिक्षक यसै बमोजिम नियुक्त भएको मानिने छ। सो सम्वन्धी अन्य व्यवस्था तोकीए बमोजिम हुनेछ।

**३४. दरबन्दी मिलानः**

(१) प्राथमिक तहमा विद्यार्थी सङ्ख्या र सञ्चालित कक्षा तथा अन्य तहमा विषयगत प्राथमिकता, विद्यार्थी सङ्ख्या र सञ्चालित कक्षा (सेक्सन) का आधारमा गाउँपालिकाले कार्यविधि वनाई सोहि अनुसार दरबन्दी मिलान गर्न सक्नेछ । गाउँपालिकामा विगतमा भएको दरवन्दी मिलानको कार्य यसै बमोजिम भएको मानिने छ।

**३५. शिक्षकको पेशागत युनियन, शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्थाः**

(१) संघीय कानूनमा व्यवस्था भए बमोजिम सामुदायिक विद्यालयका शिक्षकहरूको पेशागत हक हितको सम्बन्धमा कार्य गर्न शिक्षक महासंघ रहनेछ।

(२) नेपाल शिक्षक महासंघ गाउँपालिका स्तरमा गठन गर्न सकिनेछ।

(३) देहायका अवस्थामा शिक्षक वा कर्मचारीलाई विद्यालयको व्यवस्थापन समितिले पदबाट हटाउन गाउँपालिकामा सिफारिस गर्नु पर्नेछ ।

(क) तोकिए बमोजिमका पदीय दायित्व पूरा नगरेमा,

(ख) विना सूचना लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,

(ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

(घ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले विद्यालयको समयमा अन्यत्र अध्यापन वा अन्य काम गरेमा वा अन्य कुनै व्यावसायिक कृयाकलाप गरेमा,

तर उपदफा ३ (घ) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धी काम, दैवी प्रकोप उद्धार वा नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाले तोकेको अन्य कुनै काममा खटाउन बाधा परेको मानिने छैन।

(ङ) शिक्षक वा कर्मचारी राजनीतिक दलको सदस्य रहेको पाइएमा,

(च) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(छ) स्थायी आवासीय अनुमति पत्र लिएमा

(४) उपदफा (३) बमोजिम वा अन्य माध्ययमले कुनै शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनु पर्ने यथेष्ट प्रमाण प्राप्त भएमा गाउँकार्यपालिकाले निजलाई पदबाट हटाउन सक्नेछ। तर कार्यरत पदबाट हटाउनु अघि सफाइको मनासिव मौका भने प्रदान गरिनेछ।

**३६. शिक्षक तथा कर्मचारीको गुनासो व्यवस्थापन :**

(१) सामुदायिक विद्यालयको शिक्षक र कर्मचारीको पेशागत गुनासो सम्बन्धित विद्यालयका प्रधानाध्यापक र प्रधानाध्यापकको गुनासो विद्यालय व्यवस्थापन समिति समक्ष पेश गर्नुपर्ने छ। सो सम्बन्धी गुनासोको अध्ययन गरी सम्भव उपाय अपनाई सम्बन्धित निकायले गुनासो फर्स्योट गर्नु पर्ने छ।

(२) विद्यालय तहबाट फर्स्यौट हुन नसके उचित कारण खोलि ३० दिन भित्र स्थानीय शिक्षा शाखा समक्ष पेश गर्नु पर्नेछ।

(३) विद्यालय तहबाट प्राप्त गुनासो शिक्षा शाखाले गाउँशिक्षा समितिमा पेश गरिने छ।

(५) गाउँशिक्षा समितिले गरेको गुनासो फर्स्यौट अन्तिम हुने छ।

**३७. अदालतको आदेशबाट पुनः बहाली हुन सक्ने :**

(१) दफा ४३ मा उल्लेख भएका कुनै वा केही आरोपमा सजाय भई नोकरीबाट हटाइएको वा बर्खास्त भएको शिक्षक कर्मचारी अदालतको आदेश वा फैसला बमोजिम मात्र नोकरीमा पुनः बहाली हुन सक्नेछ।

(२) उपदफा (१) बमोजिम पुनः बहाली भएको शिक्षकले संघीय कानून अनुसार नोकरीबाट हटेदेखि पुनः बहाली भएको मितिसम्मको पूरा तलब, भत्ता र तलव वृद्धि आदेश वा फैसला बमोजिम प्राप्त गर्नेछ।

**३८. तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुने :** दफा ३७ को उपदफा (२) मा उल्लेखित अवस्था तथा दफा ३५ को उपदफा ३ (ख) मा भएको व्यवस्थाको प्रतिकूल नहुने गरी वा नियमानुसार विदा स्वीकृत गराइ बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेका शिक्षकले अनुपस्थित अवधिको तलब, भत्ता पाउने छैनन् र त्यस्तो अवधि निजको सेवा अवधिमा समेत गणना हुने छैन।

**३९. दरवन्दी स्वीकृत गर्नु पर्नेः** (१) सामुदायिक विद्यालयको सरकारी दरबन्दी, राहत, अनुदान तथा अन्य श्रोतबाट शिक्षक नियुक्ति गर्नको लागि तोकिए बमोजिम गाउँकार्यपालिकाको कार्यालयबाट विद्यालयको आफ्नो दरबन्दी विश्लेषण र कार्यभार स्वीकृत गराएर मात्र गर्नु पर्नेछ। यसरी दरबन्दी स्वीकृत नगरी कुनै विद्यालयको शिक्षक नियुक्ति गरेमा नियुक्त शिक्षकलाई भुक्तानी गरेको तलव भत्ता र अन्य रकमहरू नियुक्ति गर्ने पदाधिकारीले विद्यालय कोषमा तिर्नु पर्ने छ।

(२) हाल कार्यरत शिक्षकहरू सम्वत २०७८ पौष मसान्तसम्म यसै प्रावधान अनुसार नियुक्त भएको मानिने छ। सो अवधि पछिको हकमा उपदफा १ अनुसारको प्रकृया पूरा नगरी सेवा निरन्तरता दिन पाइने छैन।

**परिच्छेद- ८**

**४०. दण्ड सजायः** (१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई संघीय र प्रादेशिक कानून बमोजिम मुद्दा हेर्ने अधिकारीले बिगो असूली गरी विगो बमोजिम जरिवाना गर्न सक्नेछ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुर्याएमा त्यस्तो व्यक्तिलाई कसूरको मात्रा हेरी संघीय र प्रादेशिक कानूनमा व्यवस्था भएकोमा सोही बमोजिम र नभएमा रु एक लाख रुपैयासम्म जरिवाना वा ६ महिनासम्म कैद वा दुबै सजाय हुनेछ।

(क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

(ख) उत्तर पुस्तिका परीक्षण गर्दा लापरबाही वा गैर जिम्मेवारपूर्ण कार्य गरेमा,

(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृतिबेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ्) अरूको तर्फबाट परीक्षा दिएमा,

(च) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा।

(छ) विद्यार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिएमा,

(ज) अनुमति नलिई कुनै कक्षा, शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा ट्यूशन कक्षा वा परीक्षा तयारी कक्षा सञ्चालन गरेमा,

(झ) अनुमति नलिई माथिल्लो कक्षा सञ्चालन गरेमा वा सञ्चालन अनुमति नपाएको कुनै कक्षा सञ्चालन गरी शैक्षिक प्रमाणपत्र जारी गरेमा,

(ञ) अन्य विद्यालयमा अध्ययन गर्ने विद्यार्थीलाई आफ्नो विद्यालयबाट परिक्षाको लागि रजिष्ट्रेन गराएमा, परीक्षामा सहभागी गराएमा वा शैक्षिक योग्यताको प्रमाणपत्र जारी गरेमा,

(ट) दफा (४६) अनुसार तोकिएको शुल्क विपरित हुने गरी कुनै सस्थागत विद्यालयले शुल्क लिएमा।

(३) उपदफा (१) र (२) बमोजिमको कसुरको सम्बन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर मुद्दा हेर्ने अधिकारी वा अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मितिदेखि मुद्दाको किनारा नलागेसम्म स्वत निलम्बन हुनेछ। सो शिक्षक वा कर्मचारी अदालतबाट कसूरदार ठहरिएमा निजलाई यस ऐन बमोजिम विभागीय सजाय गरिने छ।

(४) उपदफा (१) र (२) मा लेखिए देखि बाहेक कसैले यो ऐन वा यस ऐन अन्तरगत बनेको नियम उल्धंन गरेमा तोकिएको अधिकारीले देहाय बमोजिम सजाय गर्न सक्नेछ।

(क) विद्यालयका शिक्षक र कर्मचारीलाई विभागीय सजाय र जरिबाना गर्ने

(ख) विद्यार्थीलाई छात्राबास वा परीक्षाबाट निष्काशन गर्ने

(ग) शिक्षक वा अन्य व्यक्ति भए कसूरको मात्रा हेरी र बिगो असुल गरी बिगो बमोजिम जरिबाना गर्ने।

(घ) विद्यालयलाई सरकारी सहायता घटाउने रोक्ने वा बन्द गर्ने

(ङ) विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्ने।

**४१. सम्पत्ति सम्बन्धी मुद्दाको तहकिकात दायरीः** संघीय, प्रादेशिक र स्थानीय कानूनमा तोकिए बमोजिम हुने छ।

**४२. पुनरावेदनः** तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानून बमोजिम पुनरावेदन लाग्नेछ।

**परिच्छेद- ९**

**४३. विद्यालयको सम्पत्तिः** (१) विद्यालयको नाममा रहेको सम्पत्तिको सुरक्षा गर्ने प्रमुख दायित्व व्यवस्थापन समिति र प्रधानाध्यापकको हुने छ।

(२) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ। यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति गाउँपालिकाले अन्य विद्यालय, सामुदायिक बालविकास केन्द्र, गाउँपालिका अन्तर्गतको कुनै कार्यालय, सामुदायिक सिकाइ केन्द्र, सङ्ग्राहलय, सीप विकास केन्द्र, सामुदायिक पुस्तकालय वा सामुदायिक हितमा उपयोग गर्न सक्नेछ। यसरी प्रयोगमा नआउने भएमा प्रचलित कानून बमोजिम बेच बिखन गरी प्राप्त भएको रकम गाउँ शिक्षा कोषमा जम्मा गर्नेछ।

(३) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहने छ। कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन।

(४) कम्पनी र सहकारी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनी वा सहकारीको नाममा रहनेछ।

(५) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासंग दान दातव्यको रूपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि गाउँपालिकाको अनुमति लिनु पर्नेछ। 0
तर विदेशी व्यक्ति वा संघ संस्थाबाट चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ। यसरी प्रक्रिया नपुगी लिएको सम्पत्ति स्वत: गाउँपालिकाको हुने छ।

(६) नेपाल सरकारको स्वीकृतिमा प्राप्त गरेको सम्पत्ति नेपाल सरकारको स्वीकृति बिना बेचबिखन गर्न पाइने छैन।

**४४. शिक्षक र विद्यालय कर्मचारी सहयोग (उपचार तथा अवकाश) कोष स्थापना तथा संचालन सम्वनधी व्यवस्था:**

(१) गाउँपालिका अन्तर्गतका सामूदायिक विद्यालयमा अस्थायी करारमा सेवा गरेका शिक्षक तथा कर्मचारीहरुको लागि उपचार तथा अवकाश कोष स्थापना गर्न सकिनेछ।

सो सम्वन्धि अन्य व्यवस्था कार्यविधिले तोके बमोजिम हुनेछ। यो ऐन प्रारम्भ हुदा भए गरेको व्यवस्था यसै बमोजिम भएको मानिने छ।

**परिच्छेद- १०**

**विद्यालयको शुल्क निर्धारण सम्बन्धि व्यवस्थाः**

**४५. बिद्यालयको वर्गिकरणः** विद्यालयलाई तोकिए बमोजिम बर्गीकरण गरिने छ।

**४६. संस्थागत र सहकारी विद्यालयको शुल्क निर्धारण सम्बन्धी व्यवस्थाः** (१) संस्थागत र सहकारी विद्यालयले विद्यार्थीसंग लिन पाउने शुल्क निर्धारणको लागि देहाय अनुसारको शुल्क निर्धारण समिति रहनेछ :

(क) गाउँपालिका अध्यक्ष - अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) संयोजक, सामाजिक विकास समिति - सदस्य

(घ) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूमध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको एकजना - सदस्य

(ङ) शिक्षा अधिकृत - सदस्य सचिव

(२) शुल्क निर्धारण समितिले तोकिएको आधारमा शुल्क निर्धारण गर्नेछ।

(३) शुल्क निर्धारण समितिको काम कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।

**परिच्छेद- ११**

**४७. अनुमति वा स्वीकृति रद्द गर्न :** कुनै संस्थागत विद्यालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत अन्य कुनै काम गरेमा तोकिएको अधिकारीको सिफारिसमा गाउँ शिक्षा समितिले त्यस्तो विद्यायलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्नेछ । तर त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाइ पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन।

**४८. विद्यालयलाई सुरक्षित क्षेत्रको रुपमा कायम गर्नु पर्नेः**

(१) विद्यालयमा स्वतन्त्र र भय रहित रुपमा अध्ययन, अध्यापन गर्ने वातावरण सृजना गर्न तथा विद्यालय भित्र कुनै किसिमको अवाञ्छित कृयाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नु पर्नेछ।

(२) तोकिए बमोजम बाहेक कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्काशन गर्न पाइने छैन।

(३) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाइने छैन।

(४) विद्यालय हाताभित्र कुनै पनि राजनीतिक दलको भेला सेमिनार गोष्ठी वा आमसभा गर्न पाइने छैन।

(५) बालबालिकालाई बालबालिकासँग सम्बन्धित बाहेक अन्य कुनै पनि जुलुस, प्रदर्शन आदिमा सहभागी गराइने छैन।

(६) उपदफा (१) बमोजिम सुरक्षित क्षेत्र कायम गर्दा विद्यालयले पालना गर्नु पर्ने शर्त तथा मापदण्ड तोकिए बमोजिम हुनेछ।

**४९. शैक्षिक परामर्श सेवा, विद्यालय बाहिरको शिक्षण वा अन्य शैक्षिक कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था**

(१)शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा ट्यूशन कक्षा, कोचिङ् कक्षा वा परीक्षा तयारी कक्षाको अनुमति लिने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(२) विदेशी मुलुकको कुनै शैक्षिक कार्यक्रम सञ्चालन अनुमति संघीय कानून अनुसार हुने छ।

(३) उपदफा (१) र (२) को व्यवस्था विपरितको सञ्चालित शैक्षिक कार्यक्रम गाउँपालिकाले बन्द गर्ने छ साथै त्यस्तो संस्था वा शैक्षिक कार्यक्रम सञ्चाचालकलाई कानून बमोजिम कारवाही गरिने छ।

**५०. प्रगति बिवरण बुझाउनु पर्ने :** प्रत्येक विद्यालयले प्रत्येक शैक्षिक सत्र सकिएको १ महिना भित्र तोकिए बमोजिमको विवरणहरू समावेश गरी बार्षिक प्रगति विवरण गाउँ कार्यपालिकामा बुझाउनु पर्नेछ।

**५१. नियम, निर्देशिका र कार्यबिधि बनाउने अधिकारः** (१) यस ऐनको उद्देश्य कार्यान्वय गर्न गाउँपालिकाले अन्य विषयको अतिरिक्त देहायका विषयहरूमा आवश्यक नियम बनाउन सक्नेछ।

(क) विद्यालयको नामाकरण, झण्डा, चिन्ह र प्रार्थना,

(ख) विद्याललाई दिइने अनुदान,

(ग) आधारभूत शिक्षा उत्तिर्ण परीक्षा सञ्चालन,

(घ) अतिरिक्त तथा सह कार्यकलाप,

(ङ) विद्यार्थी भर्ना र विद्यार्थी सङ्ख्या सम्बन्धी,

(च) छात्रावासको अनुमति, स्वीकृति र सञ्चालन तथा अनुगमन,
(छ) विद्यालयको आय व्यय जाँच.
(ज) विद्यालयको किताब बही र अन्य कागजात तयार गर्ने तथा राख्ने तरिका,
(झ) विद्यालयको पाठयक्रम, पाठयपुस्तक तथा सन्दर्भ सामग्री (संघीय र प्रादेशिक कानूनको परिलधमा रहेर), (ञ) शिक्षक तथा विद्यार्थी आचारसंहिता,
(ट) विद्यालय तथा समुदायको पुस्तकालय तथा वाचनालय,
(ठ) शिक्षक, कर्मचारी तथा विद्यालय व्यवस्थापन सम्बन्धी तालिम,
(ड) भाषा शिक्षण, ट्यूशन सेन्टर, तयारी कक्षा वा अन्य यस्तै विद्यालय बाहिरका शिक्षा,
(ढ) विद्यार्थी सल्लाह, परामर्श, निर्देशन र सुरक्षा,
(ण) विद्यार्थी परिवहन,
(त) संस्थागत विद्यालयको सञ्चालन सम्बन्धी सम्पूर्ण विषयहरू,
(थ) गुठी/सहकारी विद्यालय सञ्चालन सम्बन्धी,
(द) प्रधानाध्याप नियुक्त सम्वन्धी
(ध) शिक्षक छनौट सम्वन्धी
(न) वाल विकास सहजकर्ता, विद्यालय सहयोगि कर्मचारी, विद्यालय सहायक कर्मचारी छनौट सम्वन्धि,
(प) स्रोतकेन्द्र र स्रोत व्यक्ति र
(फ) अन्य ऐनमा उल्लेखित विषयहरू
(२) यस ऐनको कार्यान्वयनको लागि उपदफा (१) बमोजिमको नियम अन्तर्गत रहेर गाउँ शिक्षा समितिले आवश्यक निर्देशिका तथा कार्यविधि बनाई लागू गर्न सक्नेछ।

**५२. संस्थागत विद्यालयको हकमा लागु नहुने** : यस ऐनको दफा (३०), दफा (३१), दफा (३२), दफा (३३), दफा (३४), दफा (३५), दफा (३६), दफा (३७) र दफा (३८) संस्थागत विद्यालयको हकमा लागु हुने छैन।

**५३. संक्रमणकालीन व्यवस्था:** (१) यस ऐनमा तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआउँदासम्म गाउँ शिक्षा समितिले आवश्यक कार्यविधि तोकी सम्पादन गर्न सक्नेछ।

**५४. बाधा अडकाउ फुकाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा–अडकाउ परेमा गाउँ कार्यपालिकाले त्यस्तो बाधा अडकाउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐन बमोजिम भएको मानिनेछ।

**५५. बचाउ र खारेजी :** (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा व्यवस्था भएका जति कुरामा यसै बमोजिम र यसमा नलेखिएको कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिना–मिना गरेको कसूरमा भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तगर्त कारवाही चलाउन बाधा पर्नेछैन।

प्रमाणिकरण मितिः २०७८/१०/१२

आज्ञाले
नेत्र प्रसाद घिमिरे
प्रमुख प्रशासकीय अधिकृत